हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।

लहानपोस्ट दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५, ९८०२३१९१९२, ९८०२३१९१९३

बर्ष : ०१ अंक : ३३ पृष्ठ : ४ २०७७ भदौ १ गते सोमबार (Monday 17 August 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

• कोरोना कहर •

## औरही गाउँपालिकामा अख्तियारको छापा

**लहान ।** आइतबार सिरहाको औरही गाउँपालिकामा अख्तियार दुरूपयोग अनुसन्धान आयोग बर्दिबासको टोलीले छापा मारेको छ । कोरोना रोकथाम तथा नियन्त्रणमा गाउँपालिकाले खर्च गरेको विषयमा अख्तियारले छानबीन सुरु गरेको हो ।

अख्तियार बर्दिबास कार्यालयका सूचना अधिकारी उपसचिव मनिराम ज्ञवालीका अनुसार शाखा अधिकृत हिरालाल भोलनको नेतृत्वमा टोली गाउँपालिका पुगेको थियो । गाउँपालिकाले खरिद गरेको सामग्रीको कागजात हेर्ने भुक्तानी विवरणको प्रमाणित प्रतिलिपी लिएर छानबीनको लागि ल्याउने उनले बताए ।



कोरोना रोकथाम तथा नियन्त्रणमा गाउँपालिकाले विभिन्न शिर्षकमा दुई करोड २० लाख ८० हजार नौ सय २९ रुपैयाँ खर्च गरेको थियो । जिल्लास्तरीय कोरोना नियन्त्रण समितिमा बुझाएको खर्च विवरण सार्वजनिक भएपछि स्थानीयले व्यापक भ्रष्टाचार भएको आरोप लगाउँदै आएको छ ।

अख्तियारको टोलीले गाउँपालिका अध्यक्ष सिद्धार्थ यादव र उपाध्यक्ष सितादेवीलाई सोधपुछ पनि गरेको छ । गाउँपालिकाले जनप्रतिनिधिले जोखिम भत्ता वापत ११ लाख ९६ हजार लिएको र कोरोना नियन्त्रणको लागि ५४ लाख रूपैयाँ भुल खरिदमा खर्चेको थियो । वितरण नहुँदा भुल गाउँपालिकाकै गोदाम थन्केको छ ।

गाउँपालिकाले मनपरी खर्च देखाएर अनियमितता गरेको भन्दै स्थानीय युवाहरूले प्रर्दशन गरेका थिए । कोरोना खर्च बारे गुनासो बढेपछि एक साताअघि सिरहा नगरपालिकामा पनि अख्तियारले छापा मारेको थियो ।

## जनकपुरमा गृहमन्त्रीको तस्बिर जलाइयो

**जनकपुर ।** पत्रकार कुट्ने प्रहरीमाथि कारबाही नगरेको भन्दै युवाहरूले जनकपुरमा गृहमन्त्री रामबहादुर थापाको तस्विर जलाएका छन् । शुक्रबार राति नवजीवन अस्पताल अगाडि प्रहरीले टुडेखोज डटकमका सम्पादक सन्तोष यादव र रिपोर्टर सिबेन्द्र रोहितालाई कुटपिट गरेका थिए । घटनाको तीनदिन बित्न लाग्दा पनि दोषी प्रहरीलाई कारवाही नगरेको भन्दै युवाहरूले जनकपुरको भानु चोकमा गृहमन्त्री थापाको तस्बिर जलाएका हुन् ।

प्रेस स्वतन्त्रता कायम गर, पत्रकार कुट्ने गुण्डा प्रहरीलाई कारवाही गर, गुण्डागर्दी बन्द गर जस्ता नारा लेखिएको प्लेकार्ड बोकेर यूवाहरूले प्रशासन विरूद्ध नाराबाजी समेत गरे । उनीहरूले हिजो पनि प्रशासनविरूद्ध प्रदर्शन गरेका थिए ।

नवजीवन अस्पतालमा बिहिबार राति एक महिलाको मृत्यू भएको थियो । पीडित परिवारले डाक्टरको लापवाहीका कारण मृत्यु भएको भन्दै शव बुझ्न मानेनन् । मृत्यु भएको २४ घण्टापछि शुक्रबार प्रहरीले बल प्रयोग गरी शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल पुऱ्याउन खोज्दा पत्रकार यादव र रोहिता तस्बिर खिच्नेक्रममा घेरा हालेर कुटपिट गरेको थियो । घटनाको तीनदिन बित्न लाग्दा पनि जिल्ला प्रहरी कार्यालयले दोषी प्रहरीमाथि कारवाही गरेको छैन ।

## सिरहा र गोलबजारमा थपियो लकडाउन

**लहान ।** सिरहाको गोलबजार र सिरहा नगरपालिकाले भदौं १५ गते सम्मका लागि लकडाउन थप गर्ने निर्णय गरेको छ । पछिल्लो समय समुदाय स्तरमै कोरोना भाइरस(कोभिड-१९)को संक्रमित फेला पर्न थालेपछि स्थानीय तहले लकडाउन थप गर्ने निर्णय गरेको हो ।

यसअघि ती नगरपालिकाले साउन २५ गतेदेखि ३२ गते सम्म लकडाउन घोषणा गरेको थियो । नगरभित्र अति आवश्यक औषधी पसल, ढुवानी सेवा, एम्बुलेन्स तथा अत्यावश्यक इमर्जेन्सी गाडी चल्ने गरि लकडाउन गरिएको जनाएको छ । त्यस्तै खाद्यान्न, किराना तथा तरकारी ठेला

बाँकी ३ पेजमा

## 'संक्रमित छौं, तर बिरामी भएको अनुभूति छैन'

*__सप्तरी ।__ 'हामी जुन बैठकमा सहभागी भएका थियौं, त्यहाँ उपस्थित तीन जनामा कोरोना संक्रमण भएछ, तपाई पनि पीसीआर जाँच गराउनुस् है' पूर्व क्रिकेटर पवन दासलाई साउन तेस्रो साता फोनमा एक जनाले सुनाउँछन् ।*

*उनी राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल पुगे र, आफूसँगै आमा र बुबाको पनि स्वाब दिए । स्वाब दिए पनि रिपोर्ट के आउने हो भनेर तनाव भइहाल्यो । 'रिपोर्ट नेगेटिभ आओस् भन्ने कामना गरिरहयौं' उनले भने, 'तर रिपोर्ट पोजेटिभ आयो ।' २४ साउनमा आएको रिपोर्टमा ३४ बर्षका उनीसहित उनका ६२ बर्षीय बुबा र ६१ बर्षीया आमा पनि पोजेटिभ देखियो ।*

*दासले सन् २००२ मा दक्षिण एसियाको यू-१५ ड्रिम टिममा नेपालको प्रतिनिधित्व गर्दै खेलेका थिए । तर पछिल्लो समय जिल्लास्तरीयमा सिमित भएका उनले उद्योग वाणिज्य संघ, सप्तरीको कार्यालयमा काम गर्न सुरु गरेका थिए । साउन दोस्रो साता महोत्तरीको बर्दिवासमा आयोजित प्रदेशस्तरीय बैठकमा उनी सहभागी हुन गएका थिए । दुई दिनको बैठक सकेर उनी राजविराज फर्किए ।*

*निषेधाज्ञा भएकाले घरमा परिवारसँगै थिए । बर्दिबासबाट फर्किएको एक सातापछि बैठकमा सहभागीमध्ये एक जनाले फोनमा सहभागीमध्ये तीन जनालाई कोरोना संक्रमण पुष्टि भएको सुनाएपछि उनलाई पनि परीक्षण गराउन आग्रह गरे ।*

*त्यही आग्रह अनुसार परीक्षण गराउँदा उनीसँगै आमा र बुबामा पनि संक्रमण देखिएको थियो । त्यसपछि उनकी श्रीमती, ६ वर्षकी छोरी र डेढ बर्षका छोराको स्वाब संकलन भयो । ३० साउनमा आएको रिपोर्टमा श्रीमतीमा कोरोना संक्रमण देखिएन तर छोराछोरीमा देखियो । दासले भने, 'छोराछोरीसमेत संक्रमित देखिएपछि धेरै डर लाग्यो ।' तर उनीमा लक्षण थिएन । दासका अनुसार*

बाँकी ३ पेजमा

## भूमिसुधार र मालपोत बन्द

**लहान ।** कोरोना भाइरसको संक्रमण बढ्दै गएपछि लहानस्थित भूमिसुधार तथा मालपोत कार्यालय पनि बन्द हुनेभएको छ ।

भदौं १ गतेदेखि १५ गतेसम्म कार्यालयका सम्पूर्ण सेवाहरु स्थगित गरिएको उक्त कार्यालयले सूचना जारी गरि जनाएको छ । कार्यालय बन्द रहने समयभित्र सुकुम्बासी समस्या समाधान आयोग २०५८ ले वितरण गरेको जग्गाको प्रमाण पुर्जाहरुको विषयमा गम्भिर अनुसन्धान भइरहेको सूचनामा उल्लेख छ ।

यस्तै कार्यालयको आन्तरिक प्रशासनको कार्यहरु मात्र संचालनमा रहने जनाएको छ । कार्यालय बन्द गर्दा सेवाग्राहीमा पर्न गएको असुविधाप्रति कार्यालयले क्षमा पनि मागेको छ ।

**शिक्षामा लहान**

स्तम्भ : पालिका बहस

पेज ४ मा

## सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

हिमालय सुगर मिल्सको ई. डी. सरेश सर्राफ, महाप्रबन्धक टे. सत्य नारायण कुशवाहा तथा महाप्रबन्धक उखु प्रशासन अवध किशोर यादव साथमा उखु विभागका जिल्लाभरीको फिल्ड स्टाफ जे.टि.ए.उखु विकास अधिकृतहरूको उपस्थितिमा भदौ, असोज र कार्तिकमा उखु खेतीबारे छलफल तथा यस वर्षको लागि उखु रोपाईंको सिजन गर्नुपर्ने भएकोले आ-आफ्नो खेतीयोग्य जग्गालाई राष्ट्र तथा आफ्नो विकासमा लगाई सुवर्ण अवसरलाई सदुपयोग गर्नु हुनका लागि सम्पूर्ण कृषक महानुभावहरूमा अनुरोध छ ।

## हार्दिक शुभकामना

सिरहाको लहानबाट "**लहान पोस्ट**" राष्ट्रिय दैनिक पत्रिका र 'www.lahanpost.com' प्रकाशनमा आएको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।



**देवनाथ यादव**

प्रत्यासी प्रदेश सदस्य-१ 'ख'

# सम्पादकीय

## पुल नबन्दाको सास्ती

तराई–मधेसको विकासको मेरूदण्ड मानिने बहुचर्चित हुलाकी सडक अन्तर्गत सिरहा खण्डको जिरो प्वाइन्ट मानिने बरियारपट्टीमा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहालले शिलान्यास गरेका थिए । हुलाकी मार्गको शिलान्यास गरिएपछि निर्माण हुनेमा स्थानीयमा आशंकाबीच आशा पलाएको थियो । वि.सं. १९०३ देखि २००८ सम्म राणाशासक जंगबहादुरबाट हुलाकी मार्ग निर्माणको थालनी जुद्धशम्शेर, पदम शम्शेर हुँदै बिभिन्न कालखण्डमा पटक पटक शिलान्यास भएपनि अधुरो छाडिएको यो मार्ग बन्नेमा त्यसक्षेत्रका वासिन्दामा आशा पलाएको थियो ।

हुलाकी सडक शिलान्यासपछि तराई–मधेसको लाइफ लाइन मानिने हुलाकी सडक अन्तर्गत सिरहा–धनुषा जोड्ने कमला नदीको पुल निर्माण सुरू भयो । पुलको ठेक्का पप्पु–लुम्बिनी र पप्पु–शर्मा जेभी कन्ट्रक्सनले लिएको थियो । २०६८ सालमैं शिल्यानास भई ती कम्पनीले काम सुरू गरेपनि ८ वर्ष बित्दासमेत पुल अधुरो छाडेपछि ती क्षेत्रको जनताको आशामा तुषारापात भयो । कमला नदीको पुल निर्माण गर्न २०६८ जेठ ३१ मा सरकार र पप्पु–लुम्विनी जेभीसँग २४ करोड ९१ लख रूपैयाू लागतमा सम्झौता भएको थियो । ४७० मिटर लम्बाई र ११ मिटर चौडाईको कमला नदीको पुल १२ एसप्यानको छ । आर्थिक वर्ष २०६७/६८ मा ठेक्का पाएर काम थालेको ४२ महिनामैं हस्तान्तरण गर्नुपर्ने पुल ८ वर्ष बितिसक्दा समेत ठेकेदार कम्पनीले आधामात्र निर्माण गरेर अलपत्र छाडेपछि सिरहा र धनुषाका तीन दर्जन गाऊका बासिन्दाले कमला नदी तर्न अहिलेसम्म सास्ती व्यहोर्नु परेको छ ।

त्यसो त हुलाकी राजमार्गको कमला खोला पुल ठेकेदार कम्पनीले अलपत्र पारेपछि त्यत्तिखेर सिरहाका स्थानीयले पुल निर्माण छिटो गर्न र ठेकेदार कम्पनीलाई कारवाहीको माग गर्दै संघर्ष गर्नुपरेको थियो । त्यत्तिखेर संघर्ष समितिले ठेकेदार कम्पनी शर्मा–पप्पु कन्स्ट्रक्सनको ठेक्का अबिलम्ब खारेज गरी कम्पनीबाट हर्जाना असुल गरी कारवाही गर्न माग गरेको थियो । भ्रष्ट ठेकेदार कम्पनीलाई कारवाही र पुल निर्माण गर्न माग गर्दै जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाउने कामदेखि स्थानीय सडकमै अनसन बसेका थिए ।

हिउँदमा जसोतसो खोला वारपार गरेपनि वर्षामा पानीको बहाव बढी हुँदा ती गाउँबीच आवतजावत बन्द हुन्थ्यो । पुरानो निर्माण कम्पनीसँगको ठेक्का हटाएर साझेदार कम्पनीकै 'लीड' पार्टनरलाई जिम्मा दिएपछि ती दुवै नदीको पुल निर्माण सुरू भएपछि स्थानीयमा झिनो आशा पलाएको छ । जे जस्तो भएपनि, जुनसुकै बहानामा पुल निर्माण कार्य रोकिनु हूदैन । पुल नहुँदाको सास्ती स्थानीयले धेरै भोगिसकेका छन् ।

डुंगाको साहारामा नदी वारपार गर्नुपर्ने बाध्यता छ । अर्कोतिर नदी वारपार गर्दा डुंगा दुर्घटनामा ज्यान जोखिम बढ्दो छ । तसर्थ पुल निर्माणमा ढिलाइ गरिनुहुन्न ।


## बिमा लेख हरायो

मिति २०७७ साउन २० गते घरबाट जनकपुर जाने क्रममा निम्न व्यहोरा भएको **(NLIC LTD)** बाट जारी भएको बिमा लेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित ठेगानामा खवर गरिदिन हुन अनुरोध छ ।

**नाम** :–जितेन्द्र कुमार मण्डल
**ठेगाना** :–साविक गा.वि.स.धवौली ४,धनुषा
**हाल** :–शहिदनगर नगरपालिका ७,धनुषा
**पोलिसी नं.**:–१०४०१६२५२ (जीवन सहारा १५)
**सम्पर्क मो नं.**:–९८०७८३४३८३


# सिरहा जिल्लाका पुरातात्विक महत्वका स्थलहरू

हरिकान्त लाल दास, ईतिहासविद

*अघिल्लो अंकको बाँकी....*

कुनै पनि ठाउँमा छरिएर रहेको ऐतिहासिक अवशेषहरु त्यस क्षेत्रको इतिहास लेखनकार्यमा सघाउँ पुऱ्याउँदछ । सिरहा जिल्लामा पुरातात्विक महत्वका स्थलहरु धेरै छन् तर कुनै पनि ठाउँको परातात्विक महत्वका ढंगले उत्खनन नभएको सुनियो । सिरहा जिल्लामा रहेका पुरातात्विक स्थलहरु त्यहाँको इतिहास र संस्कृतिसंग जोडिएका छन् । यी स्थलहरूलाई दुई भाषामा बाँड्न सकिन्छ । (१) लोकगाथासंग सम्बन्धित स्थलहरु (२) मध्यकालीन इतिहाससंग जोडिएका ढिस्काहरु । सिरहा जिल्लाका प्रथम श्रेणी अन्तर्गतका पुरातात्विक स्थलहरु त्यहाँको लोकगाथासंग सम्बन्धित छ । यस्ता जिल्लाका लोककथाहरूमा सबभन्दा लोकप्रिय सलहेसको लोकगाथा मानिन्छ ।[११] यस सगरमाथाको पुरा परिवेश ऐतिहासिक तथ्यमाथि आधारित छ । सलहेस कुनै काल्पनिक पात्र थिएनन् आफ्नो क्षेत्रका लोकनायक थिए ।[१२] उनी आफ्नो् बाहुबलले त्यस क्षेत्रका राजा भए । त्यतिबेलाको अस्थिर राजनीतिलाई स्थिरता प्रदान गरि त्यस क्षेत्रका जनतालाई सुरक्षा दिए । उनी सबैको समस्या बुझेर त्यसको समाधान गरिदिन्थे । त्यसै कारण उनी ज्यादै लोकप्रिय भए । सलहेस गाथासंग सम्बन्धित प्रायः धेरैजसो ठाउँ भग्नावशेसको रूपमा परिणत भइसकेको देखिन्छ । ती ठाउँहरु निम्नलिखित हुन् ।



### पकडियागढ

यो स्थल सिरहाको महत्वपूर्ण नगर लहान बजारदेखी १० किलोमिटर उत्तर पहाडको छेउमा पर्दछ । यस स्थानमा करिब १५ सय फीटको गोलाईमा फैलिएको पुरातात्विक स्थल छ । यसठाउँमा प्राचीन समयमा कुनै राजाको गढ थियो भन्ने सहजै अनुमान गर्न सकिन्छ । स्थानिय जनविश्वास अनुसार फकडियाको परातात्विक स्थल राजा कुलेश्वरको दरबार थियो । त्यसकारण त्यहाँ उत्खन्न गराइयो भने राजाका गढी भेट्टाउन सकिन्छ । गढतिरको छेउछाउमा इटाका टुक्राहरु प्रशस्त भेटिन्छन् । यस्तो हेर्दाखेरी ती टुक्राहरु ५००–६०० वर्ष अगाडि त्यस क्षेत्रमा १० इन्च लामो र २ इन्च मोटाई भएको केही ईटा प्राप्त भएको थियो । पकडियागढ हेर्दा अनुमान गर्न सकिन्छ कि यो ठाउँ कुनै पराक्रमी राजाको गढ थियो । गढमा एउटा पोखरी छ र पोखरीको पूर्व मुहारमा एउटा मन्दिर छ । यसै मन्दिरमा राजा कुलेश्वरको घोडामा सबार भएको एउटा प्रतिमा स्थापित छ । राजा सलहेस पनि उक्त मन्दिरमा घोडामा सबार छन् तर सलहेसलाई त्यस ठाउँमा चौकीदारको रूपमा मानिन्छ । पकडियामा राजा कुलेश्वरको पुजा हुन्छ ।

### महिसौथा

महिसौथा सिरहा जिल्लाको अर्को पुरातात्विक स्थल हो । यो ठाउँ सिरहा बजारसँग टाँसिएकै उत्तरमा पर्दछ । यो ठाउँ सलहेससंग सम्बन्धित जनविश्वास छ । महिसौथा बस्तीको उत्तर पूर्वतर्फ ५०० फिटको गोलाइमा फैलिएको एउटा ढिस्को छ । स्थानीय जनविश्वस अनुसार यो ठाउँ राजा सलहेसको गढ थियो । त्यस ढिस्कोसंगै एउटा ठूलो तलाउ पनि छ । यो हेर्दा धेरै पुरानो लाग्दछ । पुरानो गढको बाँकी भागमा एउटा मन्दिर छ । यस मन्दिरको अस्तित्व ५/७ सय वर्ष अघि देखिएको हो भनी स्थानीय बुढापाकाहरु भन्दछन् । गढनिर रहेको मन्दिरमा राजा सलहेसको प्रतिमा स्थापित छ । छेउमा मोतिराम तथा बुधेश्वर घोडामा सबार छन् । हात्तिको एकातिर दीनामालिन फूलको डालो लिएर उभिएकि छिन् । मन्दिरको छेउमा दुइवटा स-साना अकोर् मन्दिरहरु छन् । जलमा राजमाता र कमलाजीको पुजा हुन्छ । स्थानीय क्षेत्रमा भनाइ छ की सलहेसले आफ्नो बाहुबलले यो ईलाका जिति आफु राजा भएपछि यस स्थानमा आफ्नो राजधानी बनाए । यो ठाउँ हेर्दा पुरातात्विक दृष्टिले महत्वपूर्ण हुन सक्ने अनुमान गरिन्छ । महिसौथा गढको भग्नावशेष हेर्दा इटाका टुक्राहरु देखिन्छन् । यो ठाउँ हेर्नका लागी पुरातत्व विभागबाट टोलि पनि आएको थियो ।

### सहलेस फूलबारी

सिरहा जिल्ला प्राचीन स्थलको रूपमा सलहेस फूलबारीलाई लिन सकिन्छ । स्थानीय जनमानसले यस स्थललाई सांस्कृतिक थलोको रूपमा लिन्छन् र यस फूलबारीको नाउँले प्रसिद्ध यो ठाउँ लहान बजारदेखि पश्चिम राजमार्गबाट दक्षीण पर्दछ । यो फूलबारी हेर्दा पूरानो वन जस्तो अभास हुन्छ । साढे नौ विघामा फैलिएको उक्त वन राजा सलहेसको फूलबारी थियो भन्ने जनधारणा पाइन्छ । यस फूलबारीलाई हेर्दा प्राकृतिक सौन्दर्यले परीपुर्ण लाग्दछ । यस फूलबारीको बिचमा राजा सलहेसको गहबर छ । त्यसै गहवरमा राजा सलहेस हात्तीमा सबार छन । त्यसको नजिकै मालिन मन्दिर छ । गहवर नजिक हारम नामको एउटा रूख छ । लोक विश्वास अनुसार प्रत्येक वर्ष बैशाख १ गतेका दिन दीनामालिन फूल बनेर त्यसै रूखमा झुन्डिनछिन् । फूलसंगै टासिएको एउटा चौर छ । यस चौरमा एउटा मन्दिर छ । उक्त

*बाँकी ३ पेजमा*


## कोरोना भाइरस रोग (कोभिड–१९)

- **घरहरुको बाहिरबाट हावा छिर्न नसक्ने गरी पराल, छ्वाली, ढोका वा यस्तै प्रकारको सामग्रीहरुको प्रयोगबाट घेरा बेरा गर्ने वा गर्न लगाउने ।**
- **घर बाहिर खुल्ला स्थानमा धेरै समय नबस्ने वा बस्न नलगाउने ।**
- **पानी तताएर सुद्धिकरण गरी पिउने र अरुलाई पनि पिउन सुझाव दिऔं ।**
- **बालबालिका, सुत्केरी तथा गर्भवति महिला, अपाङ्गता भएकाहरु, बृद्ध–बृद्धा तथा विरामीहरुको विषेश ख्याल गरौं ।**
- **बाँझो जग्गामा बोटविरुवा रोपौं ।**
- **घर आंगन सफा राखौं र सफा राख्न अरुलाई सल्लाह दिऔं ।**
- **बालविवाह रोकौं छोरीको भविष्य आजै देखि उज्जवल बनाउन सोचौं ।**
- **आर्थिक कार्यमा महिला सहभागीता बढाऔं ।**

**दलित जनकल्याण युवा क्लब लहान–१४ द्वारा जनहितमा जारी**

**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**–: जनहितका लागि :–**

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक लहानपोस्ट LAHANPOST DAILY

# तराईबाट तीजको गीतलिएर आइन शान्ति सदा

तराईमुलका नवगायिका शान्ति सदाले 'यसपालीको तिजमा घुमाउदेउ पशुपति' नामक तीज गीतको म्युजिक भिडियो लिएर आएकी छन् । उनीद्वारा स्वरवद्ध गीतको म्युजिक भिडियो शनिबार सार्वजनिक गरिएको छ ।

गुरूशरण सदाद्वारा रचित तथा संगीता वाईवा र आदित्य ठकुरीले अभिनय गरेको म्युजिक भिडियोलाई शरण इन्टरटेनमेन्ट नामक युट्युव च्यानलमार्फत शनिबार सार्वजानिक गरिएको छ ।

महिलाको श्रृंगार सुनचाँदी भन्दा तीजमा श्रीमानको साथ र माया महत्व ठुलो रहेको भन्दै श्रीमानलाई पशुपति घुमाईदिने आग्रहमुलक प्रेमभाव देखिने उक्तगीतको म्युजिक भिडियोलाई





सन्तोष गुरूङ्गले निर्देशन गरेका हुन ।

सिराहा गोलबजारकी शान्ति सदाले मैथिली भाषाबाट गीत संगीतको यात्रा सुरूवात गरेकी हुन । सदाले पहिलो पल्ट द भ्वाईस अफ नेपालको सिजन २ को मञ्चबाट मैथिली भाषाको गीत गाएर मैथिली तथा नेपाली समाजको मन जितेकी थिईन । साधारण मजदुर जीवनयापन गर्ने घरपरिवार तथा सासुआमाको सहयोगबाट गीत संगीतको यात्रालाई निरन्तरता दिएकी शान्ति सदाले तराईबाट तीजको गीत लिएर नेपाली गीत संगीत क्षेत्रमा समिश्रण गराएको प्रतिक्रिया दिईन । महिलाहरूको महान पर्व मानिने तीजको अवसरमा गाउँदै आएको तीजको सयौं गीतहरूमध्ये आफूले पनि यस वर्ष तीजको गीतलाई सार्वजानिक गर्न पाउँदा खुशि लागेको सुनाइन ।

लोक तथा काठे भाकामा सृजित उत्त ?गीतलाई राकेश ओलीले संगित संयोजन गरेका छन् । गीतको भाव र गायिकी अत्यन्त राम्रो रहेको भन्दै गीत उत्कृष्ट हुनेमा उनी विश्वस्त छिन् । म्युजिक भिडियोका निर्देशक सन्तोष गुरूङ्गले म्युजिक भिडियो अत्यन्त राम्रो रहेको प्रतिक्रिया दिए । उनले यस गीतलाई थोरै कमेडी सहितको मिश्रणबाट राम्रो भिडियो बनाएको बताए । सवरी संकल्प समाज गोलबजारको व्यवस्थापनमा तयार गरिएको उक्त गीतको म्युजिक भिडियोमा इच्छा सदा, हिरा लामा, कोपिला थामी, सविना लामा, मकिता बस्नेत, सुरत विष्ट (सरोवर) लगायतका कलाकारको नृत्य रहेको छ ।

## सिरहा र गोलबजार ...

रिक्सा बिहान ६ बजे देखि ९ बजे सम्म मात्र खुल्ने गरी लकडाउन थपिएको सिरहा नगरपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत बलिराम यादवले जानकारी दिए । साथै दुध तथा खानेपानीको गाडी समेत चल्ने छ ।

नगरपालिकामा बन्दाबन्दीको अवधिभर सरकारको मापदण्ड अपनाई बैंक तथा बित्तीय संस्थाहरु बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म खुल्ने गोलबजारका मेयर देवनाथ साहले बताए । सिरहामा ५८ जना कोरोना संक्रमितलाई आइसोलेसनमा राखी उपचार भइरहेको छ ।

## संक्रमित छौं ...

*उनलाई सुरूमा टाउको दुःखेको थियो, अहिले अवस्था सामान्य छ । उनले भने, 'हामी संक्रमित छौं, तर बिरामी भएको अनुभूति छैन । केही दिन खानाको सुगन्ध हराउनुबाहेक अरू परिवर्तन देखिएन ।'*

*सबै होम आइसोलेसनमा*

*एकसाथ तीन जनामा संक्रमण पुष्टि भएपछि स्वास्थ्य कार्यालयसँग सल्लाह लिएर उनी घरभित्रै आइसोलेट भए । बच्चा पनि पोजेटिभ देखिएपछि सबै घरमै बसे । सबैको रेखदेख भने संक्रमण नभएकी पवनकी श्रीमतीले गर्दै आएकी छन् ।*

*सबैका लागि खाना पकाउने, समयमा तातो पानी दिनेलगायतका सबै काम उनी एक्लैले गर्दै आएको दास बताउँछन् । 'अहिले उनी मेरो श्रीमती मात्र नभई आइसोलेसनमा रेखदेख गर्ने नर्सको भूमिकासमेत निर्वाह गरिरहेका छन्' उनी भन्छन्, 'हामी चाँडो नै कोरोना संक्रमणमुक्त हुने विश्वास छ ।'*

*सामाजिक दूरी कायम राख्न, मास्क लगाउन, आवश्यक पर्दा मात्रै घरबाट बाहिर जान आग्रह गर्दै उनले भने, 'संक्रमित भइहाले पनि डराउने काम नगरौं ।'*

## सिरहा जिल्लाका...

मन्दिरमा सलहेसको प्रतिमा छ । मन्दिरको अगाडि केही ठाउँ सुरक्षित छ । यस ठाउँलाई सिलहट अखडा भनिन्छ । भनिन्छ सलहेसको भाई मोतिराम आफ्ना सात सय कुस्तीबाजहरूसंग त्यहि कुस्ती खेल्थे । सलहेस फूलबारीमा उत्पन्न गर्ने वस्तु छैन । त्यो एउटा वन हो तर रहेछ—ऐतिहासिक । भनाइ छ सात सय वर्ष पूर्व जननायक सलहेसले आफ्नी रानीका लागि यो फूलबारी बनाएका थिए । यस ठाउँलाई पर्यटन केन्द्रको रूपमा विकसित गर्न गरिएको छ ।

**पतारी पोखरी**

सलहेस गाथासंग यसको सम्बन्ध नभए तापनी यो ठाउँ राजा कुलेश्वर र हरिसिंह देवसित सम्बन्धित छ । भनिन्छ राजा कुलेश्वरका भाई हरिसिंह देवको यहाँ निवास स्थान थियो । सम्भवतः यस ठाउँमा हरिसिंह देवको गहबर छ । त्यसभित्र राजारानीको प्रतिमा रहेको स्थानीय जनविश्वास छ । गहबरको अगाडि एउटा पुरानो पोखरी छ । सलहेस फूलबारीसंग यस पोखरीको सम्बन्ध छ । यस ठाउँमा छोराछोरी नहुनेले सन्तानको माग गर्दछन् । यहाँको पोखरीमा डुबुल्की मारेपछि जे भेटिन्छन त्यो बस्तुलाई भिजेकै लुगासहित भाग्नु पर्दछ । केही पर पुगेपछि लुगा फेरी घर फर्किन्छन् । जनविश्वास अनुसार पोखरीमा नुहाए सन्तान प्राप्ति हुन्छ ।

**मानिक दह**

सिरहा जिल्लाको लोकगाथाँग सम्बन्धित ऐतिहासिक स्थल मानिक दह हो । महिसौथाको सलहेस मन्दिरदेखि यो दह पूर्व दिशातिर पर्दछ । यस दहको ऐतिहासिकताको विषयमा कसैले चौदण्डीको राजा माणिक सेनले बनाएका भन्दछन्। यसै दहतिर कतै अम्बरपूर भन्ने ठाउँ थिए भन्ने भनाइ छ । यो ठाउँ सप्तरीको सदरमुकाम थियो र यस ठाउँमा सेनराजाहरु जाडो छल्नका लागि आउने गर्थे । वर्तमान समयमा मानिक दहको ऐतिहासिकता भन्दा धार्मिक महत्व बढी छ । दहको पश्चिमी किनारमा एउटा गहबर छ । त्यसमा राजा सलहेसको प्रतिमा स्थापित छ । त्यस ठाउँका वासिन्दाहरु तिनको पूजा गर्दछन् । यस क्षेत्रमा मान्यता के छ भने लोकनायक सलहेस प्रत्येक दिन मानिक दहमा स्नान गरेर लहाननिर रहेको फूलबारीमा फूल टिपेर महिसोथा आई राजमाता र कमलामाइको पुजा गर्थे । यो दहदेखि नजिकै एउटा सभा मण्डप थियो जहाँ बसेर राजा सलहेस जनसाधारणको पीमर्का सुनि समाधान गरि दिन्थे । यसरी यस गढको पनि खास महत्व छ ।

**बनौली गढ** सिरहा जिल्ला अन्तर्गत लहान नगरपालिका देखि ४ कि.मी. पर राजमार्गको छेउमा छपराडी चौक भन्ने ठाउँ छ । जसलाई विद्यापति चौकको रूपमा नामाकरण गरीएको छ । त्यहाँदेखि लगभग दुई किलोमिटर दक्षीण बाखरबनौली गाउँ बाहिर परातात्विक भएका दुइवटा भग्नावेश देखा पर्दछन् । आयताकार आकृतिमा रहेका पहिलो ढिस्कोलाई राजगढी भन्ने गरिएको छ भन्ने त्यहाँदेखी नजिकै अर्को ढिस्को लौवागढी वा ठाकुर गढीको नाउँले चिनिन्छ । यस क्षेत्रको निवासीहरूमा के विश्वास रहेको छ भने राजगढी सप्तरीका मध्यकालीन द्रोणवार वंशीय राजा पुरादित्यको दरबार थियो र अर्को ठाकुर गढी महाकवि विद्यापति निवास स्थल थियो । जसको निर्माण राजा पुरादात्यिले शिवसिंहकी रानी लखिमा देवीको लागि गरेका थिए । महाकवि विद्यापति रानीलाई कथा सुनाउँथे । महाकविले आफ्नो कृति यसै ठाउँमा बसेर तयार गरेका थिए । गढीलाई हेर्दा मध्यकालीन समयको बुझीन्छ । त्यस गढीनिर एउटा पुरानो पोखरी पनि छ जो बमभोला पोखरीको नाउँले जानिन्छ । यस पोखरीको विषयमा किवंदन्ति के छ भने महाकवि विद्यापतिले यसको निर्माण गरेका थिए । पोखरीको मुहारहरुतिर मध्यकालीन समयका ईटका टुक्राहरु प्रशस्त देखिन्छन् । तसर्थ अनुमान गरिन्छ की यस क्षेत्रमा कुनै समयमा मानवीय बस्ती थियो ।

**इटहरी** यो ठाउँ सीरहा सदरमुकामबाट दुइकोस पश्चिम उत्तरमा कमला नदीको किनारमा छ । यस ठाउँमा आँपको बगैचा भित्र प्राचीन नगरको भग्नावेश र एउटा गुप्तकालको शिखर शैलीमा निमार्ण गरिएको इटको मन्दिरको भग्नावेश पाइएको छ । [13]

**सारस्वरनाथको महादेव मन्दिर**

सिरहा जिल्लाको सारस्वरनाथको महादेव मन्दिरलाई जिल्लाको ऐतिहासिक मन्दिरको रूपमा लिइन्छ । गुम्बज शैलीमा निर्मित यस मन्दिरको अस्तित्व ३/४ सय वर्ष देखिको हुनुपर्दछ ।[14] जमीनको सतहबाट करिब ५ फिट मुनि सिढि ओर्लिएर गएपछि शिवलिंग रहेको ठाउँमा पुगिन्छ । प्राकृतिक सिलालाई शिवलिङ्ग मानी पुजा गरिन्छ । यस मन्दिरको तुलना सप्तरीको सदरमुकाम राजविराजको राजदेवी मन्दिरसंग गर्न सकिन्छ । यसै प्रकारको मन्दिर सप्तरीको मानराजामा पनि छ । यी तीनवटै मन्दिरको निर्माण शिखर शैलीमा गरिएकोले यसको एतिहासिकताबारे विवाद गर्ने ठाउँ छैन ।

१. मेचीदेखि महाकाली, भाग१, काठमाडौ, सुचना विभाग, २०३१ २. साँस्कृतिक सम्पदा, भाग६ काठमाडौ, पुरातत्व विभाग, २०४५

३. आचार्य, बाबुराम, पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग २ काठमाडौ, २०२४

४. सुरेन्द्रनाथ शास्त्री, कनिंधम एमिसिएन्ट ज्योगरफी अफइण्डिया, कलकत्ता, १९२४

५. पाण्डे राम निवास, सिंहावलोकन, जनकपुर, २०४६ पृ. ६३

६. पूर्ववत

७. दास, हरिकान्त लाल, सप्तरीको राजनैतिक इतिहास, विद्यादेवी, राजविराज,२०५६

८. दास, हरिकान्त लाल, तिरहुतमाथि विदेशि आक्रमण, खयष्अभ या ज्ष्कतयचथ, प्बतजक्षबलमग।

९. कर्ण, बासुदेव लाल, नेपालमा सेनहरुको शासन,अप्रकासित शोध ग्रन्थ ।

१०. आचार्य, बाबुराम, नेपालको संक्षिप्त वृत्तान्त, राजदरबार, काठमाडौं, २०२३

११. मणि पदम, सलहेस गाथा, कलकत्ता, १९६५

१२. दास, हरिकान्त लाल, सप्तरी जिल्लाका सांस्कृतिक स्थलहरु, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौँ, २०६०

१३. स्रोतः तारानन्द मिश्रको कार्यपत्रबाट लिइएको ।

१४. स्रोतः पुरातत्व विभागको पुस्तिकाबाट लिएको ।

## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**

# शिक्षामा लहान

## पालिका बहस

**धरणीधर अधिकारी**



शिक्षा देश विकासको मेरूदण्ड हो । शिक्षाले मानिसलाई अनुशासित, सभ्य, सुसंस्कृत, प्रगतिशिल एवं जिम्मेवार राष्ट्रप्रेमी नागरिक निर्माणमा मद्दत गर्दछ । गीताले शिक्षालाई "साविधा बिभुक्तले" अर्थात् विद्या त्यो हो जसले बन्धनबाट मुक्त गर्दछ भनेको छ । त्यस्तै विश्वप्रसिद्ध दार्शनिक अरस्तुले "शिक्षाले मनुस्यमा मानसिक शक्तिको विकास गर्दछ भनेका छन् । त्यस्तै महात्मा गान्धीका अनुसार "साँचो शिक्षा त्यो हो जसले बालबालिकाको आध्यत्मिक, वौद्धिक तथा शारीरिक विकास गर्दछ । अर्थात् शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास गर्दछ । स्वामी विवेकानन्द भन्दछन्" शिक्षा व्यक्तिको अन्तरनिहित पूर्णताको अभिव्यक्ति हो । " यी भनाइ र परिभाषाहरूबाट पनि एउटा व्यक्ति शिक्षित र सभ्य भए समाजको प्रगति हुन्छ र समाजको प्रगति र उन्नतिले राष्ट्र विकासलाई महत्वपूर्ण योगदान पुऱ्याउँछ । राष्ट्रको विकास भन्नाले आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक विकास मात्र नभएर दींगो पर्यावरणीय संरक्षण र विकास सचेतलाई बुझ्नुपर्ने हुन्छ ।

हाम्रो देश नेपाल जस्तो विकाशोन्मुख मुलुकका लागि शिक्षाको मुल विशेष महत्व छ । सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक विकासको मूल आधार नै शिक्षा अर्थात् जन चेतना हो । तसर्थ पनि राज्यले शिक्षालाई प्रथम प्राथमिकतामा राख्नु नितान्त आवश्यक छ र राखेको पनि देखिन्छ । तर पनि त्यो पर्याप्त भने छैन । चालु विगत वर्षहरूको संघीय सरकारको बजेटको तुलनात्मक अध्ययन गर्दा पनि शिक्षा तथा प्रविधि क्षेत्रलाई सबैभन्दा धेरै बजेट विनियोजन गरेको देखिन्छ । आ. व. २०७५/०७६, २०७६/०७७ र २०७७/२०७८ मा शिक्षा क्षेत्रमा मुल बजेटको क्रमशः १०.१९%,, १०.६४% मात्रै छुट्याइएको पाइन्छ, त्यसमा पनि झण्डै ८५% भन्दा बढी बजेट शिक्षाको साधारणका नियमित खर्चमा नै छ । बाँकी १५% बजेट शिक्षाको पूँजीगत खर्च अर्थात् शिक्षाको विकासमा विनियोजन गरिएको देखिन्छ तसर्थ नेपालको शिक्षा विकास कछुवाको गतिमा भइरहेको छ भन्ने प्रष्ट हुन्छ जबकि विश्व मानव जीवन २१ औं शताब्दीको प्राविधिक युगमा रमाइरहेको अवस्थामा हामी नेपालीहरु भने परम्परागत किताबी "घोकन्ते शिक्षा" लिने र दिन ब्यस्त छौं । आजको प्राविधिक युगमा व्यक्तिलाई मानसिक प्राविधिक र भाषिक रूपमा सक्षम बनाइ रोजगारमूलक, व्यवसायिक र प्राविधिक शिक्षा प्रदान गरि विश्व स्तरको प्रतिस्पर्धि जनशक्ति उत्पादन गर्नु आजको नेपालको आवश्यकता हो ।

राष्ट्रिय जनगणता २०६८ को तथ्याङ्क अनुसार नेपालमा साक्षरता दर ५ बर्ष भन्दा माथिको जनसंख्याको जम्मा ६५.९% मात्र छ, यसबाट प्रष्ट छ कि हाम्रो झण्डै एक तिहाई जनसंख्या असाक्षर छ । यो नेपालको समग्र विकासका लागि ठूलो चुनौतिका रूपमा रहेको छ । त्यस्तै विद्यालयमा विद्यार्थी भर्नादर ९०% को हराहारीमा छ भने विद्यालय छाड्ने दर विद्यालयको तह अनुसार हेर्ने हो भने कक्षा दश उतीर्ण गर्दा ४५% को नजिक छ । यो ड्रपआउट दर हाम्रो आर्थिक अवस्था अर्थात् गरिबीमा निर्भर रहेको छ ।

त्यसमा पनि पछिल्लो राजनैतिक संरक्षण अनुसार नेपालको प्रदेश नम्बर दुई शिक्षाको स्तर र मानव विकासको सूचीमा समेत सात वटा प्रदेशहरु मध्ये छैठौं नम्बरमा पर्दछ । यो प्रदेशको साक्षरता दर ४९.५४ (राष्ट्रि जनगणना २०६८) र मानव विकास सूचकाङ्क ०.५७९ छ । यसबाट प्रष्ट हुन्छ कि यो दुई नम्बर प्रदेश मानव विकास सूचकाङ्क, साक्षरता दर, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक आधारमा समेत पछाडि परेको र पछाडि पारिएको छ । जहाँ जनसंख्याको झण्डै आधार भाग त असाक्षर नै छ । शिक्षाको पूर्वाधारको रूपमा यो प्रदेशमा भर्खरै जनकपुरमा स्थापना भई पठन-पाठन सुरू गरिएको एउटा मात्र विश्वविद्यालय "राजर्षी जनक विश्व विद्यालय" रहेको छ । स्मरणीय छ, हाम्रो देशमा हाल ११ वटा विश्व विद्यालयहरु स्थापित र सञ्चालित छन् । तर जनसंख्याको हिसाबले दोस्रो ठूलो प्रदेशमा एउटा त्यसमा पनि भर्खरै स्थापना भएको विश्वविद्यालय हुनुले यो प्रदेश कति पछाडि परेको छ भन्ने प्रष्ट हुन्छ । विश्वविद्यालय स्तरको शिक्षाले मानव विकास सँगसँगै, खोज अनुसन्धानलाई बढावा दिन्छ र अनुसन्धानमूलक शिक्षाले समग्र देश विकासको आधार तयार गर्दछ । तसर्थ यस प्रदेशमा केन्द्रीय र प्रादेशिक गरि अझै केही विशेष गरि प्राविधिक धारका विश्वविद्यालयको नितान्त आवश्यकता छ ।

यस प्रदेशमा मेडिकल कलेज, इन्जिनियरिङ्, कलेजहरु, कृषि तथा वन विज्ञान सम्बन्धित कलेज तथा अध्ययन संस्थानहरूको स्थापनाको खाँचो छ । विद्यमान रहेको जानकी मेडिकल कलेज विराटनगर तथा नेशनल मेडिकल कलेज (वीरगंज) को समेत व्यवस्थापकीय सुधार गरी, विशेष गरि सरकारी तवरबाट हरेक ८ वटै जिल्लामा मेडिकल कलेजहरु स्थापना गर्न सके एवं यस प्रदेशमा इन्जिनियरिङ्, कृषि, वन विज्ञान, व्यवस्थापन एवं कक्षासँग सम्बन्धित विश्व विद्यालय तथा अध्ययन संस्थान एवं कलेज / क्याम्पसहरूको स्थापना गर्न सके भारत लगायत छिमेकी देशहरूबाट समेत प्रशस्त विद्यार्थीहरु आकर्षित गरि हाल भैरहेको शिक्षा क्षेत्रको पूँजी पलायन रोकिन गई नेपालको अर्थतन्त्रमा समेत टेवा पुग्ने निश्चित छ । साथै इन्जिनियरिङ् अथवा प्राविधिक, कृषि वन विज्ञान, व्यवस्थापन र कक्षासँग सम्बद्ध विश्वविद्यालय तथा कलेजहरूबाट उत्पादित जनशक्तिबाट भविष्यमा यस प्रदेशको मात्र नभई देशभरमै भौतिक पूर्वाधार, कृषि, वन, बैंकिङ्, उद्योग - व्यापार क्षेत्रको विकास भई रोजगार बन्ने अवसरको समेत वृद्धि हुने थियो ।

यसका लागि संघीय, प्रादेशिक र स्थानीय सरकारको शिक्षा नीति, निजी क्षेत्र मैत्री हुन जरूरी छ । किनकी यी सबै क्षेत्रमा सरकारी लगानी मात्रैले सम्भव छैन । त्यस मध्ये मेडिकल कलेज चाँहि सरकारी स्तरबाट नै स्थापना गरि संचालनमा ल्याउनु उपयुक्त हुन्छ, किनकि मेडिकल क्षेत्र मानवीय स्वास्थ्य संवेदनासँग सम्बन्धित क्षेत्र हो । साथै अहिले नेपालमा संचालित निजी मेडिकल कलेजहरूको व्यवस्थापकीय वेथितिलाई मध्य नजर गर्ने हो भने र हाल भैरहेको विश्व व्यापी महामारी कोभिड-१९ ले नेपालको स्वास्थ्य क्षेत्रमा ल्याएको स्वास्थ्य चूनौतिलाई मध्य नजर गर्ने हो भने स्वास्थ्य/मेडिकल शिक्षा पूर्णतः सरकारी स्तरबाट स्थापना भई संचालनमा ल्याउनु पर्दछ । अन्य विश्वविद्यालय तथा कलेजहरूको लगानीका लागि निजी क्षेत्रलाई आकर्षित गरी यस प्रदेशलाई शिक्षाको केन्द्र बनाउन सकिन्छ । प्रदेश नम्बर दुईको प्रस्तावित राजधानी जनकपुर र औद्योगिक शहर वीरगञ्ज पछिको नेपालको राष्ट्रिय राजमार्गमा अवस्थित यस प्रदेशको तेस्रो ठूलो र प्रचूर सम्भावना भएको लहान नगरमा पनि मध्यम स्तरको जनशक्ति उत्पादन गर्ने संस्थानका रूपमा "लहान प्राविधिक शिक्षालय" जो नेपालमा निकै प्रचलित छ । यसमा संकायहरु थप गरी र सिट संख्या समेत थप गरी यसको क्षमतालाई बिस्तार गरी प्राविधिक शिक्षाको विकास गर्न सकिन्छ । यसले लहानको गौरवलाई अझ बढाउँदछ । हाल लहान नगर भित्र सार्वजनिक र संस्थागत (सरकारी र निजी) रूपमा सञ्चालित प्राविधिक, साधारण मदरशा शिक्षा समेत गरी झण्डै १५० भन्दा बढी विद्यालय शिक्षालयहरु रहेका छन् । यिनका अलवा लहान नगरमा दर्जन भन्दा बढी अस्विकृत विद्यालयहरु समेत छन् । स्थानीय सरकारले तिनलाई पनि नियमतः शिक्षाको मूलधारमा ल्याउन प्रयास गर्नु आवश्यक छ । सार्वजनिक र संस्थागत गरी ३३ वटा माध्यमिक विद्यालयहरु, लहान प्राविधिक शिक्षालाई र सगरमाथा चौधरी आँखा अस्पतालमा सञ्चालित अप्थाल्मिधक एसिस्टेन्ट (ओ.ए.) समेत गरी ६ वटा डिप्लोमा स्तरका र टि.एस. ई.ई. स्तरका ४ वटा विद्यालय समेत संचालनमा छन् । स्नातक तह सम्म संचालन भएका कलेजहरु ५ वटा कलेज/क्याम्पस छन् । शिक्षा, कल व्यवस्थापन संकायमा स्नातकोत्तर तह सम्म सञ्चालित यस प्रदेश नम्बर २ मै एउटा सम्भावना बोकेको जनस्तरबाट संचालित (पब्लिक कलेज) जे.एस. मुरारका क्याम्पसल समेत लहानमै अवस्थित छ । त्यसैगरि निजी क्षेत्रबाट नर्सरी देखि व्यवस्थापन संकालयमा स्नातकोत्तर तह सम्म सञ्चालित लहान एभरेष्ट कलेज / मा.वि., सफटेक कलेज, विद्यापति कलेज र सलहेस कलेज एवं समग्र निजी क्षेत्रबाट स्थापित र संचालित कलेज /क्याम्पसलहरूले समेत यस नगर भित्र मात्र नभई यस क्षेत्रको शिक्षाको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् तसर्थ यी शैक्षिक संस्थाहरूलाई समेत स्थानीय सरकारले संरक्षण र प्रबर्द्धन गर्नु आवश्यक छ ।

नगरमा रहेका निजी शैक्षिक संस्था/विद्यालयहरूलाई सुपरिवेक्षण, नियमन र गुणस्तर मापन समेत गरी यिनलाई यथोचित संरक्षण गर्नु आवश्यक छ । साथै नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हकका रूपमा परिभाषित गरेको छ, त्यस्तै शैक्षिक ऐन, नियमावलीले समेत माध्यमिक तह सम्मको शिक्षा र विद्यालयहरूको स्थापना संचालन र सम्पूर्ण दायित्व तथा जिम्मेवारी स्थानीय सरकारलाई प्रष्ट रूपमा तोकी दिएको भएता पनि, राजनैतिक खिचातानी र स्थानीय सरकारको गैर जिम्मेवारपनले गर्दा २००७ सालको प्रजातान्त्रिक आन्दोलन भन्दा पनि पहिले नै २००४ सालमा नै स्थापना भएको लहानको मुटुमा अवस्थित पशुपति आदर्श माध्यमिक विद्यालयको जर्जर अवस्था देख्दा "आदर्श" शब्दको "अर्थ" शब्दकोषमा नै परिवर्तन गर्नु पर्ने हो कि भन्ने प्रतित् हुन्छ । लहान नगरपालिका र नगर भित्रका राजनैतिक पार्टीहरु एवं विद्यालयका दाता चौधरी परिवार समेतले त्यस विद्यालय तर्फ ध्यान दिनका लागि निकै नै ढिला भएको छ । यस विद्यालयको झण्डै डेढ दशक चरम वेथितिमा बितिरहेको छ । त्यस्तै सोही कालखण्डमा स्थापित लहान नगरको बस्तीपुर स्थित बस्तीपुर मा.वि. जसले पनि यस क्षेत्रको शिक्षाको विकासमा महत्वपूर्ण योगदान गरेको र महत्वपूर्ण व्यक्तिहरु उत्पादन गरेको यो विद्यालय पनि हाल आएर सन्तान गुमाएका दीन-बृद्ध दम्पत्तिको जस्तै हालतमा रहेको आभाष हुन्छ । साथै अन्य सार्वजनिक आधारभूत एवं माध्यमिक विद्यालयहरूलाई पनि उचित व्यवस्थापन र सञ्चालनका लागि स्थानीय सरकार (नगरपालिका) वडाबस्ती, राजनैतिक पार्टीहरु एवं स्थानीय बुद्धिजीवीहरूको संयुक्त सहकार्य र प्रयासबाट यथासिघ्र कदम चाल्नु पर्ने आवश्यकता खड्केको छ ।

लहान लगायत सिरहा जिल्ला नै दाता (दानवीर) हरूको खानी हो । किनकि लहानमा अवस्थित, पशुपति आदर्श मा. वि., बस्तीपुर मा. वि., जे.एस. मुरारका क्याम्पस, लक्ष्मण ललिता कुशवाहा मा. वि. लगायतका शिक्षण संस्थाहरूका साथै सगरमाथा चौधरी आँखा अस्पताल, रा. उ. अस्पताल लगायत अस्पतालहरु समेतका संघ-संस्थाहरु गरी दर्जनौ संस्थाहरु जो स्थानीय दाता परिवारहरूबाट स्थापना भई संचालित छन् । ती दाता परिवार जसले आफ्नो अरबौं रूपैया बराबरको रकम ती संस्थामा दान गरेका छन् । उले संस्थाबाट अवश्य नै आर्थिक लाभको अपेक्षा गरेका हुँदैनन् तसर्थ उनीहरूको साथ समर्थन, सहकार्य र सहयोग लिएर विद्यालय संस्थाको उन्नतिमा अझ योगदान पुऱ्याउन उनीहरूलाई अभिप्रेरित गर्नु आवश्यक छ । यसो गरियो भने भविष्यमा अझ धेरै दानवीरहरूलाई सामाजिक सेवाको क्षेत्रमा अभिप्रेरित गर्न सकिन्छ । तसर्थ दाता - परिवारलाई सरकार र समाजबाट उचित सम्मानको खाँचो छ ।

अतः लहान नगरको शैक्षिक उन्नयनका लागि यस नगरको शानको रूपमा रहेको लहान प्राविधिक शिक्षालयलाई स्तरोन्नति गरी संकाय र सिट संख्याहरु थप गर्न सम्बन्धित सरोकारवाला निकायमा पहल गरिएमा प्राविधिक जनशक्ति उत्पादनमा लहान नगरको नाम उच्च स्थानमा रहने छ । त्यसै गरी लहानमा अवस्थित जे.एस. मुरारका कलेजको नगर परियोजना समीपमा रहेको झण्डै २० बिघा जग्गा र यसको अन्य भौतिक, शैक्षिक सम्पत्तिलाई पनि उचित व्यवस्थापन र शैक्षिक उन्नयनका लागि प्रयोग गर्नका लागि स्थानीय सरकार, स्थानीय राजनैतिक दलहरु व्यवस्थापन समिति तथा सम्बन्धित सरोकारवाला संघ-संस्थाहरूको सहकार्य गरि लहान नगरमा विश्वविद्यालयको योजनाको परिकल्पना गर्न सकिन्छ तर त्यसका लागि नगर नेतृत्वले स्थानीय सरोकारवाला र तत् सम्बन्धी निकायहरूसँग निकै धेरै सहकार्य गरी दीर्घकालिन - रणनैतिक योजना पस्किनु आवश्यक छ । यस क्रममा महाकवि लक्ष्मी प्रसाद देवकोटाको भनाइलाई सम्झन जरूरी छ । "उद्देश्यके लिनु उडी छुनु चन्द्र एक" ।

अन्त्यमा शिक्षामा गरिएको आजको लगानीले भविष्यमा लहानलाई शिक्षाको हब बनाउन स्थानीय सरकार, राजनैतिक नेतृत्व, उद्यमी, समाजसेवी र बुद्धिजीवीहरूले विलम्व नगर आ-आफ्नो तवरबाट पहल गर्न सके मात्रै "समृद्ध लहान" को नारा सार्थक हुनेछ । चेतना भया ।


## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) कम पाकेको माछा, मासु नखाऔं । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाऔं । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाऔं । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाऔं । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

**सखुवानन्कारकट्टि गाउँपालिका कार्यालय, सिरहा**


**छोराछोरीलाई समान शिक्षा दिऊ । जनहितमा जारी लहानपोस्ट्**

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)